# काठमाडौं जिल्ला अदालत

बबरमहल काठमाडौं

फाँटः- जिन्सी

प.स. ०८०/०८१

मितिः- २०८१।०१।०३

च.नं. ६०३

विषयः- सूचना website मा राखि दिने सम्वन्धमा ।

श्री काठमाडौ जिल्ला अदालत,

सुचना प्रविधि शाखा,

प्रस्तुत सम्वन्धमा यस अदालतबाट बिभिन्न मुद्दामा दशीको रुपमा पेश भएको सुनचादीको ढिक्का तथा गरगहनाहरु सिलवन्दीद्वारा लिलाम विक्री गरिने भएकोले सो सम्वन्धीको सूचना यस अदालतको website मा प्रकासित गरि दिनु हुन उक्त सूचना यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

गोपिल प्रसाद थापा

फैसला कार्यान्वयन अधिकारी

उप-सचिव

<u>बोधार्थ</u>

श्री सर्वोच्च अदालतः- जानकारीको निमित्त

रामशाहपथ, काठमाडौ ।

श्री उच्च अदालत पाटनः- जानकारीको निमित्त

ललितपुर ।

श्री फैसला कार्यान्वयन, निर्देशनालयः- जानकारीको निमित्त

बबरमहल, काठमाडौ ।

नोटः-यस अदालतमा पत्राचार गर्दा अनिवार्य रुपमा फाँट नं. मुद्दा नं. चलानी नं. का साथै मिति समेत खुल्ने गरी पत्राचार गरिदिनु हुन अनुरोध छ ।

# काठमाडौं जिल्ला अदालत

बबरमहल, काठमाडौं

## सूनचाँदी लिलाम सम्बन्धी सूचना

प्रथम पटक प्रकासित मितिः २०८१/०१/०३

काठमाडौं जिल्ला अदालतमा दशिको रुपमा पेश भएका सूनचाँदी सिलबन्दीद्वारा लिलाम बिक्री गर्ने मिति २०८०/१२/२२ को निर्णयानुसार जिन्सी खाता नं. ५३४६ र ११७६९ मा आम्दानी बाँधिएका सूनचाँदीहरु तपसिलका २(दुई) प्याकेजमा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२(१) बमोजिम लिलाम गर्ने गरी यो सूचना प्रकासित गरिएको छ। प्रकासित सूचना बमोजिम छुट्टाछुट्टै प्याकेजको लागि छुट्टाछुट्टै फाराम दस्तुर रु. १,०००/- काठमाडौं जिल्ला अदालत परिसरमा रहेको राष्ट्रिय वाणिज्य बैंक लि.को काउन्टरमा दाखिला गरेको बैंक भौचर पेश गरी जिन्सी शाखाबाट खरिद गर्न सकिने छ। खरिद गरिएको फाराममा तपसिल बमोजिमको कागजात संलग्न गरी सिलबन्दी गरी पेश गर्नुपर्ने छ।

<u>तपसिलः</u>

<u>प्याकेज-१ जिन्सी खाता नं. ५३४६</u>

1. मू.अ.कर सहितको न्यूनतम मूल्य रु. २८,९३,०००/-(अट्ठाईस लाख त्रियानब्बे हजार मात्र।) रहेको हुँदा आफुले कबोल गर्न चाहेको मू.अ.कर सहितको रकमको १०% रकम दाखिला गरी काठमाडौं जिल्ला अदालतबाट जारी भएको नगदी धरौटी रसिदको सक्कल १(एक) प्रति संलग्न गर्ने।
2. बोलपत्र फाराम दस्तुर रु.१,०००/- तिरी खरिद गरेको सक्कल रसिदको कार्यालय प्रति संलग्न गर्ने।
3. काठमाडौं जिल्ला अदालतबाट बिक्री भएको सक्कल फाराममा भर्नु पर्ने सम्पुर्ण विवरण नउड्ने पक्का कालो मसीले उल्लेख गरी भर्ने। कबोल गर्न चाहेको एकमुष्ठ रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गरी पेश गर्ने। खरिद गर्ने संस्था भए संस्थाको आधिकारिक छाप र प्रमुख व्यक्तिले दस्तखत गरेको हुनु पर्दछ। यदी व्यक्ति भए दस्तखत र दुवै हातको बुढीऔंलाको ल्याप्चे छाप लगाई पेश गरेको हुनु पर्दछ।
4. कबोल कर्ताको स्थाई लेखा नं. र चेकको स्पष्ट बुझिने प्रतिलिपि संलग्न हुनु पर्दछ।
5. सिलबन्दी फाराम मिति २०८१/०१/१७ गते कार्यालय समय भित्र खरिद गर्नु पर्दछ।
6. सिलबन्दी फाराम मिति २०८१/०१/१८ गते दिनको १२ बजे भित्र काठमाडौं जिल्ला अदालतको लेखा शाखामा दर्ता हुनु पर्दछ। सिलबन्दी फाराम दर्ता गर्न ल्याउँदा खामको बाहिर पट्टी कबोल गर्न खोजेको <u>प्याकेज-१ जिन्सी खाता नं. ५३४६</u> उल्लेख गरी कबोल कर्ताको नाम, ठेगाना र सम्पर्क नं. उल्लेख हुनु पर्दछ।
7. सिलबन्दी फाराम मिति २०८१/०१/१८ गते दिउसो २ बजे काठमाडौं जिल्ला अदालतको भुँई तल्लामा रहेको सभा कक्षमा खोलिने छ। फाराम खोलिने स्थानमा कबोल कर्ता मात्र उपस्थित हुनु पर्नेछ।
8. उल्लेख गरिए अनुसार पेश भएको सिलबन्दी फाराम मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सबै भन्दा बढी रकम कबोल गर्ने कबोलकर्तालाई छनोट गर्नेछ। उल्लेख गरिए अनुसारको सम्पुर्ण विवरण भरी पेश नभएको र कागजात संलग्न नभएको कबोलकर्ताको फाराम अस्वीकृत हुनेछ। फाराम स्वीकृत भएको सूचना काठमाडौं जिल्ला अदालतको वेभसाइट https://supremecourt.gov.np/court/kathmandudc मा प्रकासित गरिने छ।
9. छनोट गरिएको कबोलकर्ताले कबोल गरेको मू.अ.कर सहितको रकमको बाँकी ९०% रकम मिति २०८१/०१/२५ भित्र दाखिला गरी सोही दिन आफ्नो सामान लिई जान पाउने छ।
10. छनोट गरिएको कबोलकर्ताले कबोल गरेको मू.अ.कर सहितको रकमको बाँकी ९०% रकम मिति २०८१/०१/२५ भित्र दाखिला नगरेमा निजले शुरुमा सिलबन्दी गर्दा दाखिला गरेको १०% रकम जफत गरिने छ।
11. छनोट नभएका कबोल कर्ताको रकम निजहरुले पेश गरेको खातामा फिर्ता पठाईने छ।
12. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

प्याकेज-२ जिन्सी खाता नं. ११७६९

1 मू.अ.कर सहितको न्यूनतम मूल्य रु.५५,३१,०००/-(पचपन्न लाख एकतिस हजार मात्र।) रहेको हुँदा आफुले कबोल गर्न चाहेको मू.अ.कर सहितको रकमको १०% रकम दाखिला गरी काठमाडौं जिल्ला अदालतबाट जारी भएको नगदी धरौटी रसिदको सक्कल १(एक) प्रति संलग्न गर्ने।

2 बोलपत्र फाराम दस्तुर रु.१,०००/- तिरी खरिद गरेको सक्कल रसिदको कार्यालय प्रति संलग्न गर्ने।

3 काठमाडौं जिल्ला अदालतबाट बिक्री भएको सक्कल फाराममा भर्नु पर्ने सम्पुर्ण विवरण नउड्ने पक्का कालो मसीले उल्लेख गरी भर्ने। कबोल गर्न चाहेको एकमुष्ठ रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गरी पेश गर्ने। खरिद गर्ने संस्था भए संस्थाको आधिकारिक छाप र प्रमुख व्यक्तिले दस्तखत गरेको हुनु पर्दछ। यदी व्यक्ति भए दस्तखत र दुबै हातको बुढीऔंलाको ल्याप्चे छाप लगाई पेश गरेको हुनु पर्दछ।

4 कबोल कर्ताको स्थाई लेखा नं. र चेकको स्पष्ट बुझिने प्रतिलिपि संलग्न हुनु पर्दछ।

5 सिलबन्दी फाराम मिति २०८१/०१/१७ गते कार्यालय समय भित्र खरिद गर्नु पर्दछ।

6 सिलबन्दी फाराम मिति २०८१/०१/१८ गते दिनको १२ बजे भित्र काठमाडौं जिल्ला अदालतको लेखा शाखामा दर्ता हुनु पर्दछ। सिलबन्दी फाराम दर्ता गर्न ल्याउँदा खामको बाहिर पट्टी कबोल गर्न खोजेको प्याकेज-२ जिन्सी खाता नं. ११७६९ उल्लेख गरी कबोल कर्ताको नाम, ठेगाना र सम्पर्क नं. उल्लेख हुनु पर्दछ।

7 सिलबन्दी फाराम मिति २०८१/०१/१८ गते दिउसो २ बजे काठमाडौं जिल्ला अदालतको भुँई तल्लामा रहेको सभा कक्षमा खोलिने छ। फाराम खोलिने स्थानमा कबोल कर्ता मात्र उपस्थित हुनु पर्नेछ।

8 उल्लेख गरिए अनुसार पेश भएको सिलबन्दी फाराम मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सबै भन्दा बढी रकम कबोल गर्ने कबोलकर्तालाई छनोट गर्नेछ। उल्लेख गरिए अनुसारको सम्पुर्ण विवरण भरी पेश नभएको र कागजात संलग्न नभएको कबोलकर्ताको फाराम अस्वीकृत हुनेछ। फाराम स्वीकृत भएको सूचना काठमाडौं जिल्ला अदालतको वेभसाइट https://supremecourt.gov.np/court/kathmandudc मा प्रकाशित गरिने छ।

9 छनोट गरिएको कबोलकर्ताले कबोल गरेको मू.अ.कर सहितको रकमको बाँकी ९०% रकम मिति २०८१/०१/२५ भित्र दाखिला गरी सोही दिन आफ्नो सामान लिई जान पाउने छ।

10 छनोट गरिएको कबोलकर्ताले कबोल गरेको मू.अ.कर सहितको रकमको बाँकी ९०% रकम मिति २०८१/०१/२५ भित्र दाखिला नगरेमा निजले शुरुमा सिलबन्दी गर्दा दाखिला गरेको १०% रकम जफत गरिने छ।

11 छनोट नभएका कबोल कर्ताको रकम निजहरुले पेश गरेको खातामा फिर्ता पठाईने छ।

12 अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।